नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

सूचना नं.:- ०७८/०७९-०३

प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०८/०३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान जोन अन्तर्गतका कार्यक्षेत्रहरु **पर्सागढी न.पा. को वडा नं. १, २, ३ र ४, सखुवा प्रसौनी गा.पा. को वडा नं. १, २ र ३, पटेर्वा सुगौली गा.पा. को वडा नं. १, २ र ३, जीराभवानी गा.पा. को वडा नं. १, ४ र ५ तथा ठोरी गा.पा. को वडा नं. ३, ४ र ५** भित्रका यस एकाइमा सूचीकृत हुनका लागि निवेदन दिएका इच्छुक **कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरु** धान जोन विकास कार्यक्रम अन्तर्गतको तपसिलमा उल्लेख भए अनुसारको कार्यक्रममा सूचीकृत भए पश्चात सहभागी हुन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०७८/०८/२३ गते कार्यालय समय भित्र) पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रमहरु | माग संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | सहकारी/समूह मार्फत ८५ % अनुदानमा सामुदायिक नर्सरी स्थापना तथा ट्रान्सप्लान्टर मेशिन मार्फत धानको खेती प्रवर्धन कार्यक्रम | १ | कार्यक्रम अनुसार |
| २ | ५० प्रतिशत अनुदानमा चैते धान खेती/बोरो राईस/बीउ उत्पादन/चकलाबन्दी कार्यक्रममा संलग्न कृषक समूह/सहकारी/फर्मलाई प्राथमिकतामा राखि कृषि यान्त्रिकरण सहयोग कार्यक्रम | **१ पटक** | कार्यक्रम अनुसार |
| ३ | सिंचाइ पूर्बाधार निर्माण तथा मर्मत सम्भार | २८ | कार्यक्रम अनुसार |
| ४ | पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण कार्यक्रम | ५ | कार्यक्रम अनुसार |
| ५ | बाली सघनता तथा उत्पादकत्व बृद्धि कार्यक्रम | **२ पटक** | कार्यक्रम अनुसार |

**नोटः**

१. *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाई, पर्सा वा सम्बन्धित पालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ । अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।*

२. *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरु आवेदनका साथ अनिवार्य पेश गर्नु पर्नेछ ।*

३. *पुनःश्च सूची दर्ताका लागि आवेदन दिन छुटेका लक्षित वर्गहरुले यसै सूचना अवधिमा सूचीकृत हुनका लागि आवश्यक कागजातहरु सहितको निवेदन प्रस्ताव पेश गर्ने आवेदनसँगै पेश गर्न सक्नेछन् ।*

..............................

**नि. बरिष्ठ कृषि अधिकृत**